ग्रामीण युवा विकास कार्यक्रम

२०५८ सहमति

(समुदाय र मानवता विकासका लागि प्रतिबद्ध संस्था)

AWO International e.V.

# युवा आवाज

वर्ष ४, अङ्क १, पूर्णाङ्क ७ (Year 4, Vol. 1, Issue 7) माघ २०७० - असार २०७१ / 2014 YOUTH VOICE

# सुरक्षित आप्रवासन विशेषाङ्क

## संस्थागत भनाइ



''आजका बालक भविष्यका देश विकासका कर्णधार हुन्'' भन्ने वाक्यांश पछिपछि हुँदै आउँदा त्यती यथार्थ नभएको पाइएको छ । एउटा बालकलाई हुर्काउन सामान्य शिक्षा दिनका लागि मात्र पनि देशले धेरै नै लगानी गरेको हुन्छ । जब एउटा बालक युवा हुने समय आउँछ अनि घरपरिवार तथा देशले उसबाट प्रतिफलको आशा गर्नु स्वभाविकै हो । घर परिवार तथा देश विकासका लागि दक्ष जनशक्तिको ठूलो महत्त्व रहेको हुन्छ । तर हाम्रो विडम्बना भन्नु पर्छ जब एउटा बालक १६ वर्ष पार गर्छ अनि उसको पहिलो योजना बन्न पुग्छ विदेश जाने । एउटा युवाले विदेश जाने योजना बनाउनुका मूख्य तथा देशको अवस्था तथा वातावरण अनुकूल नहुनुलाई सबैले पहिले बुँदामा राख्ने गरेको पाइन्छ । यसतर्फ तथा भनाई केही हदसम्म सत्य पनि हुन सक्छ । तर युवा वर्गले आफ्नो देशलाई दोष लगाउनुको सट्टा देशका युवा वर्ग सबै जसो विदेश लागेपछि देशको वातावरण सुधार्ने जिम्मा कसले लिने ?

देशको वर्तमान आवश्यकता भनेको युवा वर्गलाई देशमै बसेर काम गर्ने वातावरण बनाउनु हो । वातावरण बनाउनका लागि देशका राजनीतिक दल तथा नीति निर्माणको तहमा बसेर काम गर्ने व्यक्तिहरू ढिलो नगरी लागि पर्नुपर्ने देखिन्छ । प्रत्येक व्यक्ति जीवनयापनका लागि केही न केही रोजगारीको अवसर चाहिन्छ । रोजगारीको अवसर नभएकै कारण मानिसहरू रोजगारीका लागि विदेशतिर पलायन भइरहेका छन् । वाध्यतावश विदेश जान परेकाहरू मध्ये धेरै जना दलालहरूबाट ठगिएका, अलपत्र परेका, एउटा काम भनेर अर्को काम लगाउने, जुन अति कष्टकर जीवनयापन भोग्नु परेको घटनाहरूको बारेमा यस अङ्कमा लेखहरू प्रकाशित भएका छन् । यस अङ्कमा प्रकाशित लेख तथा घटनाक्रमहरूले विदेश जानुभन्दा देशभित्रै काम गर्नु उत्तम, यदि जानै परेमा यथेष्ठ जानकारी लिएर मात्र जानका लागि निर्देष गरेको छ । यस अङ्कमा प्रकाशित लेखले विदेश जान तयार भएका वा सोचेका युवा वर्गहरूलाई एकपटक सोच्नका लागि बाध्य पारेको छ । यस युवा आवाजमा आफ्ना अनुभव तथा घटनाहरूको लेख उपलब्ध गराई सहयोग गर्नुहुने युवा साथीहरू तथा प्राप्त लेखहरूलाई समायोजन गरी प्रकाशनको लागि तयारी अवस्थामा ल्याउनु हुने ग्रामीण युवा विकास कार्यक्रमका साथीहरू र प्रकाशन सहयोग गर्ने आबो इन्टरनेशनललाई संस्थाको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

रत्नप्रसाद सापकोटा
अध्यक्ष तथा
सहमति परिवार







## यसभित्र .....

- कथा, कविता, गजल, लेख तथा रचनाहरू
- वैदेशिक रोजगार सम्बन्धी लेखहरू
- वैदेशिक रोजागरका लागि लाग्ने लागत, खुल्ला गरिएका देशहरू, राजदूतावास र श्रम सहचारीका विवरणहरू

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International e.V.

# युवा आवाज

वर्ष–४, अङ्क–१, पूर्णाङ्क–७

(माघ २०७० – असार २०७१)

**संरक्षक**

रत्नप्रसाद सापकोटा

अध्यक्ष, सहमति

**सम्पादन**

रबिन्द्रनाथ अधिकारी

अम्बिकाप्रसाद पौडेल

**संकलन**

रीता कुमाल

**विशेष सहयोगी**

अशोक राज पोखरेल

प्रभा ढकाल

झविन्द्र गरञ्जा

लोक प्रसाद श्रेष्ठ

विमला बस्याल

**प्रकाशन सहयोगी**

AWO International e.V.

आवो इन्टरनेशनल

**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०५६–५०२०९०, ५०२३७३

फ्याक्स : ०५६–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


## सम्पादकीय........

सहमति, ग्रामीण युवा विकास कार्यक्रमले युवाहरुको प्यारो आवाजः युवा आवाज सन् २००९ देखि शुरुवात गरेर सातौं अङ्कको रुपमा सुरक्षित आप्रवासन–२०७१ युवाहरु माझ पस्कन पाउँदा हामी गौरवान्वित भएका छौं । यस अङ्कमा हामीले नितान्त सुरक्षित आप्रवासनसँग सम्बन्धित सामग्री प्रकाशनमा ल्याएका छौं । ग्रामीण युवा विकास कार्यक्रमले प्रथम चरण (सन् २००८–२०१०), दोस्रो चरण (सन् २०११–२०१३), सम्म ग्रामीण क्षेत्रमा काम गर्दा समुदाय र सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वयात्मक ढंगले हातेमालो गर्दै कार्यक्रमहरु अगाडि बढाउने गरेको कुरा सबैलाई विदितै छ । तेस्रो चरणमा पनि थप (सन् २०१४–२०१६) दुई नयाँ गा.वि.स. लिई कार्यक्षेत्रका युवा, किसान, विपन्न, पिछडिएको वर्ग महिला, दलित, जनजातिहरु, अपाङ्गता भएका, गरिब र निमुखाहरुको हित प्रवर्द्धन, सामाजिक सेवा प्रदान कार्यमा युवाहरुको सक्रियता बढाउँदै विगत ६ वर्षदेखि गैंडाकोट गा.वि.स. वार्ड नं.–३, रतनपुर, कोटथर, डाँडाझेरी, अर्खला, र बुलिङ्गटार गा.वि.स.मा विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । जसबाट समुदायमा आधारित समूहहरु, स्थानीय गैससहरु, सहकारीहरु, युवा सूचना केन्द्रहरु मार्फत समुदायको सशक्तीकरण, आयआर्जन, र क्षमता अभिवृद्धि गराउँदै कार्यक्रमको दिगोपना र लक्ष्यहरु परिपूर्ति हुने कुरामा विश्वास लिएको छ ।

वैदेशिक रोजगारको सिलसिलामा हालसालै एउटा मेनपावर कम्पनीको लापरबाहीका कारण मलेसियाको राजधानी क्वालालम्पुर विमानस्थलमा थुनुवा कक्षमा १६० जना युवाहरु थुनिए । वास्तवमा मलेसियामा हुँदै नभएको कम्पनीको फर्जी नाम राखेर ती युवालाई पठाइएको रहेछ । यसरी सुनौलो सपना र उज्ज्वल भविष्यको कामनासहित चर्को व्याजदरमा साहु महाजनसँग ऋण काढेर विदेश जाने सम्पूर्ण युवाहरुलाई त्यस घटनाले मर्माहत बनाएको छ । मेनपावर कम्पनीको लापरबाहीका कारण सोझा युवाहरुले विदेशमा गएर दुःख पाए । त्यसैले सरकारले त्यस्ता कम्पनीहरुको लाइसेन्स मात्र खारेजी होइन कडा कारबाही समेत गर्नुपर्छ । कस्तुरीले आफ्नो नाभीको सुगन्ध आफैंले थाहा नपाएर भौंतारिएझैं हाम्रा युवाहरुले पनि हाम्रै माझमा भएका व्यवसायिक तरकारी खेती, पशुपालन, अमूल्य वनस्पति जडिबुटीहरु जस्तै दालचिनी, सुठो, बोझो, अमला, टिम्मुर, सतुवा आदिको व्यवसाय गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ भन्ने कुराहरु बुझ्न आवश्यक छ । ग्रामीण क्षेत्रका युवावर्गले वैदेशिक रोजगारलाई मात्र बढी प्राथमिकता दिंदा वैदेशिक रोजगारमा हुन सक्ने जोखिम र क्षतिलाई कम गर्न युवा सूचना केन्द्रहरुको माध्यमवाट वैदेशिक रोजगार सम्बन्धी जानकारीहरु पनि गराउँदै आइरहेको छ । यसरी मुलुकमा कृषि क्षेत्रपछिको वैदेशिक रोजगारले पनि कूल गार्हस्थ उत्पादनमा अहम् भूमिका खेलेकाले यसलाई समयानुकूल बनाउँदै लैजानु पर्छ भन्ने हाम्रो बुझाइ हो । यस सुरक्षित आप्रवासन–२०७१ मा स्थानीय युवाहरुले देखेका, भोगेका कुराहरुलाई, कोही विदेशबाट फर्किएर आएका र आफ्नै छिमेकीले विदेशमा गएर भोगेका युवाहरुको जीवनगाथालाई आधार बनाएर लेखिएका लेख, रचना तथा अनुभूतिहरु ग्रामीण क्षेत्रमा बसोवास गर्ने युवाहरुवाट व्यक्त गरिएका सृजनाहरु हुन् । यी सृजनात्मक रचनाहरुले कार्यक्षेत्रका युवाहरुलाई मात्र नभई सम्पूर्ण युवाहरुलाई नै प्रेरणाको स्रोत बन्नेछ भन्नेकुरामा हामी आशावादी रहेका छौं ।

पाठकवृन्द, आगामी अंकको लागि सल्लाह सुझाव र प्रतिक्रियाको अपेक्षा राख्दै तपाईसँग कुनै वास्तविक घटनामा आधारित लेख, रचनाहरु भए पठाई सहयोग गरिदिनु हुन समेत हार्दिक अनुरोध गर्दछौं । ❖❖❖

# वैदेशिक रोजगार सम्बन्धी चेतनाको कमीका परिणामहरू

✍ हिरन पुलामी मगर
*अध्यक्ष, हिमचुली सामुदायिक विकास केन्द्र, रतनपुर, वसेनी*

नवलपरासी जिल्लाका १७ वटा विकट पहाडी गा.वि.स.मध्येको रतनपुर गा.वि.स.पनि एक हो । यसै गा.वि.स.को वार्ड नं. ५, बसेनीमा बसोबास गर्दछु । अहिले म उच्च शिक्षा अध्ययनको लागि मुकुन्दपुर गा.वि.स.को जनता उ.मा.वि. हर्कपुरमा अध्ययनरत छु । विकट गा.वि.स.हरुको विकासका लागि धेरै संघसंस्थाहरूले काम गर्दै आइरहेका छन । ती संघसंस्थाहरूमध्ये सहमति संस्था पनि एक हो । सहमति संस्थाले पनि विकट गा.वि.स.मा भएका प्रत्येक समस्यालाई केलाएर त्यसको समाधानका लागि विभिन्न कार्यहरू गर्दै आएको छ । ग्रामीण क्षेत्रको विकासका लागि कृषि, पशुपालन लगायत स्थानीय स्रोत साधनको समुचितरूपमा प्रयोग गर्न संस्थाको मात्र जिम्मेवारी नभइ हामी सबैको उत्तिकै दायित्व रहेको हुन्छ ।

तर वर्तमान समयमा कर्मठ युवा जनशक्तिहरू विदेश पलायन भइरहेका छन । तिनीहरू विदेश जाँदा प्रक्रिया नपुगेर कैयौं युवाहरू विचल्लीमा परेको अवस्था छ । हाम्रो गाउँको कुरा गर्ने हो भने, आज भन्दा लगभग ९, १० वर्ष अगाडि वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या अति नै कम थियो । त्यतिबेला दुबई, कतार, ओमन, मलेशिया जस्ता देशहरूमा जानु भाग्यमानी सम्झन्थे । अहिले वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या दिनानुदिन बढ्दै जानुले त्यो अवस्था सामान्य बन्दै गइरहेको छ । त्यस्तै यस गा.वि.स.मा पनि वैदेशिक रोजगारको लागि एउटै परिवारबाट ७, ८ जनासम्म विदेश जाने गरेका छन । धेरै पैसा कमाउने, छिट्टै धनी बन्ने र आफ्नो सन्तानको गुणस्तरीय शिक्षाका लागि गाउँका युवाहरू वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ ।

ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षाको कमी, भौगोलिक विकटता, जनचेतनाको कमी, यातायातको समस्या जस्ता कारणहरूले गर्दा वैदेशिक रोजगारमा जानेहरूको परिवार शहरतिर बसाईंसराई गर्ने क्रम पनि तिव्ररूपमा बढ्दै गइरहेको छ । वैदेशिक रोजगारमा गएर कमाउनेहरूले शहरतिर नै घर बनाएर बसिसकेका छन् भने कम कमाउनेहरूले घर भाडामा लिएर बस्ने गरेका छन् । त्यस्तै पहिला गाउँमा धेरै रमाइलो हुने गर्दथ्यो भने अहिले सबैजना वैदेशिक रोजगारमा गएर गाउँ नै सुनसान भएको छ । गाउँमा त बुढाबुढी मात्र बस्ने स्थल भएको छ ।

वैदेशिक रोजगारले एकातिर सकरात्मक प्रभाव परेको छ भने अर्कोतिर यसले समाजमा नकरात्मक अवस्था पनि सृजना गरेको छ । किनकि गाउँमा युवाहरू नहुँदा विकासका पूर्वाधारहरू निर्माण हुन नसकेर सुविधाबाट वञ्चित हुनु परेको छ भने स्थानीय संघ–संस्थाहरूको अभाव पनि खड्कँदै गइरहेको छ । समग्रमा हेर्दा वैदेशिक रोजगारले देशलाई ठूलो घाटा पुऱ्याएको महशुस गर्न सकिन्छ । वैदेशिक रोजगारमा गएर कतिलाई त मनग्गे फाइदा पुऱ्याएको छ भने कति लाई धेरै घाटा पुर्याएको पनि छ । यसै सन्दर्भमा आजभन्दा ७ वर्ष अगाडि



धेरै पैसा कमाएर आफ्नो जीवनलाई सुखमय बनाउँछु भनी सपना बोकेर मलेशिया गएका रतनपुर गा.वि.स. वार्ड नं. ७, डोंडेका चक्रवहादुर पुलामी (नाम परिवर्तन) ले विरानो मुलुक मलेशियामै ज्यान गुमाउनु पऱ्यो । त्यस्तै रतनपुर वार्ड नं. ५, बसेनीका तेजेन्द्र वहादुर सुगरपाक, खेम बहादुर सिञ्जाली (नाम परिवर्तन) साउदीमा र थिरबहादुर राना (नाम परिवर्तन) कतार गएका थिए । उनिहरू पनि केही समय काम गरेर नेपाल फर्के । विदेशमा चर्को घाम, तातो हावा, जोखिमपूर्ण काम, भाषाको समस्या, दक्षताको कमी, समयमा तलब नपाउने, पाएको तलब पनि पूरा गरेर नपाईने लगायतका समस्याले गर्दा उनीहरू पनि कहिल्यै विदेश नजाने गरी स्वदेश फर्केका छन् ।

त्यस्तै रतनपुर गा.वि.स. वार्ड नं. १, खाप्सेटारका रेशमबहादुर वेलम्वु (नाम परिवर्तन) पनि दुबई जाने सपनाले राहदानी बनाएर म्यानपावरलाई बुझाई ४ महिनापछि भिसा आयो भनेर काठमाडौं गए । तीन हप्तासम्म काठमान्डौमा बस्दा पनि दुबई जाने कुरा तय नभएपछि उनी घर फर्के । साहुसँग चर्को व्याजमा लिएको ऋण दलाललाई बुझाएर काम नबनेपछि एकातिर विदेश जान पाइएन भने अर्कोतिर दलालले पैसा नदिएपछि ठूलो मर्कामा परे । यस्ता घटनाहरू हाम्रो समाजमा प्रशस्तै भेटिन्छन् । ती सबै घटनाहरू वैदेशिक रोजगारमा जाने युवाहरूको हातमा सीप नहुनु, युवाहरूमा वैदेशिक रोजगार सम्बन्धी चेतनाको कमीका परिणामहरू हुन् । सकिन्छ भने वैदेशिक रोजगारमा नै नजाऔं यहीं बसेर केही गरौं जाने हो भने सीपमूलक तालिम सिकेर दक्ष बनी भरपर्दो म्यानपावरबाट आवेदन गर्ने, स्वदेशकै विमानस्थल प्रयोग गर्ने, आफू जान चाहेको देशको नियम कानुन र कुन कम्पनीमा कस्तो किसिमको काम गर्न जाँदैछु तथा वैदेशिक रोजगारको क्षेत्रमा काम गरेका सरोकारवाला संस्थाहरूवाट राम्रोसँग बुझेर मात्र वैदेशिक रोजगारको लागि सोंच बनाउनु पर्दछ ।

सहमति, ग्रामीण युवा विकास कार्यक्रमद्वारा प्रवर्द्धन गरिएको युवा सूचना केन्द्र, दमारमा पनि वैदेशिक रोजगारको बारेमा सल्लाह, सुझाव, परामर्शका लागि सम्पर्क गर्न सक्नुहुन्छ । त्यहाँबाट पनि वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू प्राप्त गर्न सकिन्छ । त्यतिमात्र नभई आफूलाई चाहिने सीप सम्बन्धी विभिन्न तालिमहरू पनि त्यहाँबाट सिक्न पाइने हुदा युवाहरूले सीप सिकी आत्मनिर्भर बन्ने अवसर नगुमाऔं । किनकि विदेश मात्र रोजगारको विकल्प होइन स्वदेशमा पनि कृषि, पशुपालन, विभिन्न सीपहरू सिकेर व्यापार, व्यवसाय गर्ने हो भने गल्फ देशमा गएर कमाउने जति पैसा यहीं नै कमाउन सकिन्छ ।

❖❖❖

# युवा सूचना केन्द्रको लोकप्रियता बढ्दै

✍ बेलमती राई
*युवा सूचना केन्द्र, परिचालिका, अर्खला–४, नवलपरासी*

नवलपरासीलाई सुगम जिल्ला मानिए तापनि पहाडी गा.वि.स.हरू विकासको दृष्टिकोणबाट अत्यन्तै दुर्गम छन् । ती गा.वि.स.मध्येको अर्खला गा.वि.स. पनि एक हो । भौगोलिक हिसाबले पनि चारैतिर डाँडाकाँडा र अग्ला पहाडहरू तथा ती पहाडमा बनेका घरहरू हेर्दा यो गा.वि.स.कहिले सुगम होला । यस गा.वि.स.मा अधिकांश मगर जातिको बसोबास रहेको छ । यी समुदायको मुख्य पेशा परम्परागत खेतीपाती, बाख्रापालन, बङ्गुरपालन तथा वैदेशिक रोजगार रहेको छ ।

पूर्वाधारको हिसाबले अर्खला गा.वि.स.मा मोटर बाटो कच्ची, विद्युतको असुविधा, खानेपानीको अभाव लगायतका समस्याहरू अनेकौं रहेका छन् । यिनै समस्याहरूलाई समाधान गर्न सरकारी तथा गैरसरकारी संस्थाहरूले काम गर्दै आएका छन् । यसै क्रममा सहमति पनि एउटा गैह्रसरकारी संस्था हो । यस संस्थाले गाउँको विकास गर्नका लागि AWO International Germany सँग साझेदारी गरी ग्रामीण युवा विकास कार्यक्रम जनवरी २०१४ बाट सञ्चालन गरेको छ । यस कार्यक्रमले विशेष गरेर युवाको क्षेत्रमा विभिन्न कामहरू गर्दै आइरहेको छ ।

यस क्षेत्रमा पनि कृषि क्षेत्रले मात्र आर्थिक जोहो गर्न धौ धौ भएको र धेरै पैसा कमाउने आशाले गर्दा यहाँका युवाहरू वैदेशिक रोजगारको क्षेत्र अपनाएका छन् । वैदेशिक रोजगारको लागि पासपोर्ट बनाइसकेपछि दलालको हातमा पुऱ्याएर सबै कारोबार उनीहरूबाटै गराउने गर्दछन् । अनि दलालको ठगीमा परेर लाखौं रूपैयाँ बढी तिरेर विदेशिने गरेका छन् । ग्रामीण क्षेत्रका युवाहरू स्वदेशमा नै बसेर केही गर्नुपर्ने बेलामा सरकारले उचित प्रबन्ध नमिलाई दिंदा विदेशिनु पर्ने बाध्यता रहेको छ । अर्खला गा.वि.स.मा पनि विदेशिने युवाको दर कमि छैन । तर ती विदेश जानको लागि तरखर गरेका युवाहरूलाई वैदेशिक रोजगार सम्बन्धी जानकारी दिन सकियो भने पक्कै पनि दलालसँग फस्ने थिएनन् होला ।

वास्तवमा युवा भनेको त्यस्तो शक्ति हो जस्मा देश हाँक्न सक्ने क्षमता रहेको हुन्छ । तर त्यस्ता युवाहरू समुदायमा बरालिएर हिड्ने, कुलतमा फस्ने, वैदेशिक रोजगारको बारेमा जानकारी नहुँदा ठगिने जस्ता समस्याहरू दिनानुदिन वृद्धि हुँदै जाँदा समुदाय तथा परिवारमा नकारात्मक असर पर्दै गएको छ । त्यसैले गाउँमा रहेका युवाहरूलाई नकारात्मक असरले पार्ने परिणामहरूबारे अभिमुखीकरण तथा उनीहरूको आयस्तरमा वृद्धि गराउने उद्देश्यले यस गा.वि.स.मा सहमति, ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र शसक्त नारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा युवा सूचना केन्द्रको स्थापना भएको छ । युवा सूचना केन्द्र, अर्खलामा स्थापना हुनुलाई स्थानीयवासीले अत्यन्त महत्वपूर्ण विषय मानेका छन् । किनकि युवा सूचना केन्द्रको स्थापना भएपछि गाउँका युवाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू पढ्न आउनेहरूको क्रम बढ्दै गएको छ । त्यस्तै विदेश जान लागेका युवाहरू पनि युवा सूचना केन्द्रमा आएर वैदेशिक रोजगार सम्बन्धी जानकारी लिई जान थालेका छन् ।

आगामी दिनमा यस संस्थालाई अझ व्यापक र विस्तार गर्दै लैजानु पर्ने अवस्था रहेको छ । युवा सूचना केन्द्रमा रहेका पुस्तक तथा पत्रपत्रिकाहरू, वैदेशिक रोजगार सम्बन्धी हाते पुस्तिका लगायतका अध्ययन सामग्रीहरूले युवाहरूको मानसपटलमा परिवर्तन ल्याउन सक्ने सम्भावना देखिएको छ । वास्तवमा भन्ने हो भने सूचनाको अभाव कारण पहाडी भेगका युवाहरू दोधारमा परेको देखिन्छ । फलस्वरूप वेरोजगारीको सङ्ख्या दिनानुदिन बढ्दै गएको छ । किनकी बढ्दो वेरोजगारले मानिसहरूलाई कुलत दिशातर्फ डोऱ्याई समाजमा विकृतिहरू ल्याउन सक्छ । त्यसैले हामी सबैले बेलैमा सोच्नु पर्ने भएको छ । एकातिर सुरक्षित तरिकाबाट वैदेशिक रोजगारमा जाने प्रक्रियाहरूबारेमा जानकारी हुने अर्कोतर्फ गैर कृषि सम्बन्धी पुस्तकहरूबाट स्थानीय युवाहरू गाउँमै बसेर स्वाबलम्बी पेशा अपनाई स्वरोजगार बन्न सक्ने अवस्था देखिएकोले युवा सूचना केन्द्रको महत्त्व अझै बढ्दै गएको छ ।

हुन त भरखरै स्थापना भएको यस युवा सूचना केन्द्रमा ग्रामीण युवा विकास कार्यक्रमले अफिस व्यवस्थापनका साथै कृषि तथा गैर कृषि सम्बन्धी पुस्तकहरू, वैदेशिक रोजगार सम्बन्धी बुलेटिनहरू लगायत विभिन्न चेतनामूलक लेख रचनाहरू उपलव्ध गराएको छ । जसबाट गाउँका युवाहरूलाई अध्ययन तथा सूचनामूलक सामग्रीको लागि कहीं खोज्न जानु नपर्ने भएको छ । अझ ग्रामीण युवा विकास कार्यक्रमले थप युवा सम्बन्धी कार्यक्रमहरू तथा पुस्तकहरू उपलव्ध भएमा युवा सूचना केन्द्रको लोकप्रियता ग्रामीण क्षेत्रमा बढ्दै जाने कुरामा कुनै दुई मत छैन ।

आगामी दिनमा युवा सम्बन्धी कार्यक्रमहरू, सूचनामूलक, चेतनामूलक, सीपमूलक,लगायतका सामग्रीहरू युवाहरूको माझमा लगेर प्रचारप्रसार गर्न सकेमा ग्रामीण क्षेत्रमा अलग पहिचान बनाउन सफल हुनेछ भन्ने कुरामा आशावादी रहेका छौं । संस्थाको सफलताका लागि निरन्तर सहयोगको अपेक्षा गर्दै कार्यक्रमले गरेको सहयोगप्रति हार्दिक धन्यवाद दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

# मेहनत गरे यहीँ कमाउन सकिन्छ

✍ तर्कबहादुर सोती, *डाँडाझेरी ३, देउराली*



मेरो जन्म नवलपरासी जिल्ला क्षेत्र नं. १ को पहाडी गा.वि.स. डाँडाझेरीको वार्ड नं. ३, कोटझेरी, देउरालीमा भएको हो । मेरो नाम तर्कबहादुर सोती हो । मैले वैदेशिक यात्राको दैनिक जीवनमा भोगेका तीता मीठा क्षणहरू तथा अनुभूतिहरू लेख्न गइरहेको छु । नेपालमा विदेश भनेपछि ठूला होस् या सानो होस् सबैलाई वैदेशिक यात्रामा जाने चलन दिनानुदिन बढिरहेको छ । यस्तै चलनले मलाई पनि वैदेशिक यात्रामा रुमल्लिन पुऱ्यायो । म लहैलहैमा तीन वर्ष मलेशिया र दुई वर्ष कतारमा गएर काम गरें । त्यहाँ काम गर्दा धेरै दु:ख कष्ट भोग्नुपऱ्यो । विदेश भन्ने ठाउँ यस्तो रहेछ । जहाँ कैदीलाई जेलमा राखेर थुने जस्तै हुने रहेछ । विदेशमा काम गर्दा १२ घन्टासम्म उभिएर काम गर्नुपर्ने भएकाले खुट्टा दुखेर सुनिने, शारीरिक पीडा बढी हुने रहेछ । विदेशमा आएर यति धेरै काम गर्नु पर्दा कहिलेकाहीं मेरो मनले अर्काको बिरानो मुलुकमा आएर यति धेरै काम गर्नु भन्दा आफ्नै देशमा गएर जे जस्तो भएपनि खुशीसाथ काम गर्न पाए हुन्थ्यो जस्तो लाग्ने गर्दथ्यो ।

जब साथीहरू काम गर्न जान्थे, म भने दिनभर कोठामा वस्थें । अनि साथीहरू कामबाट फर्कन्थे, फेरी म काममा जाने गर्दथें । सबैको ध्यान कामतिर मात्र देख्दा मेरो मन विरक्तिएर आउने गर्दथ्यो । कहिलेकाहीं बिरामी भएमा उपचार गर्नका लागि अस्पताल लिएर जाने साथीहरू हुँदैनथे । किनकि उनीहरूलाई पनि बाध्यता थियो । एक दिन नगए कम्पनीले तीन दिनको हाजिरी गयल गरिदिन्थ्यो । अति नै दु:खकासाथ विदेशमा पाँच वर्ष काम गरेर नेपाल फर्किएँ । विदेश भन्ने शव्दलाई त्यति सजिलोसँग लिन हुने रहेनछ । अहिले जो युवाहरू विदेश जानका लागि तयारी भइरहनु भएको छ, त्यस्ता युवाहरूले समयमै सोच बिचार गर्नु होला नत्र समस्यामा फस्न सकिन्छ । सकभर विदेशको सपना नदेख्नु नै राम्रो हो । यदि जाने नै हो भने सर्वप्रथम केही इलम सिक्नुहोस । अनि मान्यता प्राप्त मेनपावर कम्पनी छनौट गरी वैदेशिक रोजगारका लागि प्रोसेस गर्नुहोस् । तपाईले हातमा सीप लिएर जानु भएन भने विदेश पुगेपछि लेबरमा मात्र काम गर्नुपर्छ । अर्कोतिर विदेश जानको लागि लाखौं रूपैयाँ तिरेर जान भन्दा त्यही पैसाले यहाँ नै व्यवसाय गर्ने हो भने पनि विदेशमा गएर कमाउने जत्तिको पैसा यहीँ कमाउन सकिन्छ ।

मैले पनि विदेशबाट फर्केर स्वदेशमा नै केही व्यवसाय गर्ने सिलसिलामा मेरै गाउँमा मिल राखेको छु । यस मिलबाट गाउँलाई पनि धेरै नै सुविधा पुऱ्याएको छ भने मलाई पनि स्वरोजगारको बाटो खुलेको छ । दुई चार पैसा कमाएको छु, *(बाँकी ९ पेजमा)*

# समुदायमा चेतनाको विकास हुँदै

✍ लालमायाँ फाल मगर, *डाँडाझेरी-५, टाँडी नवलपरासी*

नवलपरासी जिल्लाको उत्तर पवित्र नदी कालीगण्डकी देखि ३ कि.मि.उचाइमा रहेको र पहाडी क्षेत्रका १७ वटा गा.वि.स.हरू मध्ये अति विकट डाँडाझेरी गा.वि.स.पनि एउटा हो । भौगोलिक हिसाबले डाँडाझेरी गा.वि.स.चारैतिर डाँडाकाँडा र भिरपाखा रहेको छ । यहाँ करीव ८५ प्रतिशतभन्दा बढी मगर जातिको बाहुल्य रहेको छ । पेशाको सन्दर्भमा कुरा गर्ने हो भने यहाँको कृषि परम्परागतरूपमा रहेको छ । त्यस्तै पूर्वाधारको कुरा गर्ने हो भने शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत, खानेपानी लगायतका समस्याहरू पनि अत्यधिक रूपमा रहेको छ । वास्तवमा भन्ने हो भने यस क्षेत्रमा वसोवास गर्ने समुदायको दिनचर्या असाध्यै गाह्रो छ ।

जब सहमति, ग्रामीण युवा विकास कार्यक्रमले २०६५ सालदेखी डाँडाझेरी गा.वि.स.मा युवा केन्द्रित तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरू सञ्चालन तथा २०६७ सालमा संस्था र कामना बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा युवा सूचना केन्द्रको स्थापना गऱ्यो । त्यसपछि बिस्तारै बिस्तारै समुदायमा चेतनाको विकास हुँदै गएको छ । युवा सूचना केन्द्रले ग्रामीण क्षेत्रका युवा तथा बालबालिकाहरूलाई ज्ञानगुनका कुराहरू बुझ्न सुनौलो अवसर प्राप्त भएको छ । त्यस्तै युवा सूचना केन्द्रबाट युवा सूचना केन्द्रको सदस्यता लिएपछि विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू घरमा लगेर पढ्न पाउने, वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू लिन पाइने, व्यबसायिक तालिमका लागि सिफारिश गरिदिने जस्ता क्रियाकलापहरूले पनि युवाहरूको आकर्षण बढ्दै गएको छ । मैले पनि त्यहाँ गएर फुर्सदको समयमा नियमित पत्रपत्रिकाहरू, अङ्ग्रेजी भाषाका विभिन्न पुस्तकहरू, कथा, उपन्यास, उखान लगायतका किताबहरू पढ्ने गर्छु ।

त्यस्तै वर्तमान समयमा गाउँबाट धेरै युवाहरू विदेश गएका छन् । तर तिनीहरूको परिवारलाई वैदेशिक ज्ञान सम्वन्धी जानकारीबारे थाहा नभएको स्थिति छ । त्यसो हुँदा युवा सूचना केन्द्रद्वारा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूबाट विदेश जानु अघि ध्यान दिनुपर्ने कुराहरू, कुन देश जाँदा कति खर्च लाग्छ ? आफु काम गर्ने कम्पनीमा आफ्नो तलब कति छ ? आदि भन्ने कुरा श्रम स्वीकृति प्राप्त भएपछि PP space passport No space 4001 मा सेन्ट गरेमा कागज पत्र पेश गरीसकेपछिको बारेमा जानकारी लिन सकिन्छ । त्यस्तै विदेश गइसकेका तथा विदेश जानको लागि तयारी गरिरहेका युवाहरूको कागजपत्रहरू संकलन गरेर युवा सूचना केन्द्रमा सुरक्षित तरिकाले राखिदिने र विदेशबाट फर्केर आएपछि सबै कागजपत्र फिर्ता गरिदिने भन्ने क्रियाकलापले पनि यसको महत्व अझै बढ्दै जाने सम्भावना देखिएको छ । किनकि विदेशमा गएर केही घटना भयो भने कहाँ गएर सम्पर्क गर्ने ? के के प्रक्रियाहरू अपनाउनु पर्ने हो ? *(बाँकी ७ पेजमा)*

# बुझेर मात्र विदेशको यात्रा थालनी गरौं

✍ कर्णबहादुर डिस्वा मगर, *कोटथर ५, थामवेंसी*

नवलपरासी जिल्ला कोटथर गा.वि.स. वार्ड नं. ५, थामबेंसी पिपलबारीको स्थायी बासीन्दा हुँ । म एक गरिब परिवारमा जन्मेको हुनाले जीवनमा धेरै आरोह अवरोहहरू आए । भर्खर बाल्यकालको अवस्था पार गरेर युवावस्था तिर लम्कदै गर्दा भविष्यको सुखप्राप्तिका लागि समयमै परिश्रम गरौं भन्ने अभिप्रायले फड्को मार्न खोज्दा आफ्नो जीवनको यात्रा कुन अवस्थातिर जाँदैछ भन्नेकुरा पनि म आफैंलाई थाहा नभएको अवस्था भएको छ ।

मैले जीवनमा यस्तै भोगेका र देखेका कुराहरूलाई शब्द मार्फत प्रस्तुत गर्न गइरहेको छु । गरिव बाबुआमाले केही आर्थिक जोहो गरी मलाई जेनतेन आठ कक्षासम्म अध्ययन गर्ने अवसर दिनुभयो । तर नौ कक्षा पढ्ने इच्छा हुँदाहुँदै घरायसी आर्थिक अभावले गर्दा बीचमै अध्ययन छोड्न बाध्य भए । त्यसपछि घरमै परम्परागतरूपमा गर्दै आइरहेको कृषि पेशालाई आधार बनाई गुजारा गरौं भन्ने सोंच लिएर हलो, कोदालो, कुटो, घाम, पानी र खडेरीसँग पौंठीजोरी खेल्दै कृषि पेशा अपनाइरहेको थिए । तर भौगोलिक स्थितिको कारणले गर्दा म र मेरो परिवारलाई कृषि पेशाले मात्र जीवन निर्वाह गर्न धौ धौ भयो । मनमा धेरै तरंगहरू मौलाउँदै गए । अर्कोतिर देशमा वैदेशिक रोजगारको लहर चलिरहदा र छिमेकी साथीहरू विदेश जादा मलाई पनि चुलबुल चुलबुल भइरहेको थियो ।

विदेश गएपछि धेरै कमाई होला, घरका समस्याहरू सजिलै सित समाधान होलान्, भविष्यमा सुखसित जीवन बिताउन सकिएला भन्ने सोचले वैदेशिक रोजगारमा जाने मनसाय बनाएँ । वैदेशिक रोजगारमा जाँदा पेश गर्नुपर्ने कागजात बनाउने प्रक्रियामा शुरूमा नागरिकता, राहदानी लिई लाखौं रूपैंया ऋण लिएर कतार मुलुकको लागि आवेदन पेश गरें । कागजातहरू पेश गरिसकेपछि कतार मुलुकको सुपरमार्केटमा काम गर्नका लागि कामदारको रूपमा जान तयार भएँ । घरमा सबैकुरा मिलाएर खाडी मुलुक कतार गएँ ।

त्यस देशको नियमअनुसार तिन महिनापछि मेडिकल गर्नुपर्ने रहेछ । मैले पनि तिन महिनासम्म काम गरेपछि मेडिकल गरें । तर दुर्भाग्य, मेडिकल गर्दा मेरो स्वास्थ्यमा समस्या देखा पर्‍यो । मेरो स्वास्थ्यमा देखिएको समस्याले गर्दा त्यहाँबाट फर्किन बाध्य हुन पुगे । ऋण पनि तिर्न नपाउँदै घर फर्किन पर्दा मेरो मनमा धेरै चोट पर्न गयो । लेखेको पाइन्छ, देखेको पाइँदैन भने झैं अरू साथीहरूले कमाएको देख्दा आफूलाई पनि धेरै कमाउँछु भन्ने आशाले विदेश जादा मेरो जीवनलाई नै आघात पर्ने गरी चोट दिंदा म इन्तु न चिन्तु भएँ । अर्कोतिर चर्को व्याजदरमा लिएको ऋण तिर्नका लागि घरको सम्पत्ती बेचबिखन गरी लिएको ऋण व्याज सहित फिर्ता गरें । मैले आफ्नै भाग्यलाई दोष दिदैं घरमा नै बसेर व्यवसायिक तरिकाले दुई वर्ष खेतीपाती गर्दै जीवन गुजारा गर्न थाले । तर कृषिमा समय समयमा भईरहने अतिवृष्टि, खण्डवृष्टि, अनावृष्टि जस्ता कारणले गर्दा कृषिमा भनेजस्तो आम्दानी लिन सकिन । फलस्वरूप परिवारको खर्च धान्न मुश्किल पर्न थाल्यो ।



मलाई कृषिको उत्पादनले सन्तुष्टि दिन नसकेपछि कि ऑटले खान्छ, की ढॉटले खान्छ भने झैं फेरी एकचोटि विदेशको यात्रामा सामेल हुन मन लाग्यो । नियम अनुसार सम्पूर्ण कागजपत्र बनाई मेडिकल चेकजाँचमा पास गरेर वैदेशिक रोजगारको सिलसिलामा मलेशियाका लागि फेरी आवेदन गरे । त्यहाँबाट मलेशिया जानको लागि भिसा प्राप्त भयो । भिसा हातमा परेपछि मलेशिया जानको लागि तयारी भएँ । मेनपावरले खोजेको कम्पनीमा काम गर्न धेरै गाह्रो रहेछ । समयमा तलब नदिने, ओ.टि.को रूपमा काम गर्न नपाइने तथा कम्पनीले दिएको तलबबाट मलेशिया सरकारले लेभी पनि काट्ने भएपछि खाना, वसाईको रकम तिर्दा पैसा बचाउन सकिएन । नौ महिनासम्म काम गर्दा पनि पैसा कमाउन नसकेपछि मलाई त्यस फैक्ट्रीमा काम गर्न मन लागेन । त्यो फैक्ट्री छोडेर अर्को कम्पनीमा काम गर्न गएँ । विदेशमा त्यसरी एक ठाउँबाट अर्को ठाउँमा काम गर्न गएको खण्डमा अवैधानिक भएको मानिने रहेछ । अवैधानिक भएपनि घरको ऋण तिर्नका लागि काम गर्न कम्मर कसें । बिना पासपोर्ट कन्स्ट्रक्सन कम्पनीमा गाँस, बास तथा कपासको व्यवस्था मिलाउँदै नौ महिनासम्म लुकिछिपी काम गरेर रू. ३,००,०००।– कमाउन सफल भएँ । जसबाट घरको ऋण तिर्न सहज भयो । अब घरको ऋण तिरिसकेपछि भविष्यको आम्दानीको बारेमा मनमा लिदैं अगाडि बढ्न खोजिरहेको थिएँ । तर अचानक मलेशिया सरकारले कदम चालेको अवैधानिक पक्राउ अभियानमा म पनि पक्राउ पर्न पुगे । रातीको १२ बजे सैनिकको हातमा पुगेपछि चार महिनासम्म आधा खाना खाएर जेल बसें । मेरो सजाय पूरा भएपछि घरबाट रू. ४०,०००।– पठाउन लगाई नेपालका लागि प्लेन टिकट किनेर स्वदेश फर्कि आएँ । अहिले स्वदेशमै केही व्यवसाय गरेर बस्ने योजना गरिरहेको छु ।

मैले दु:ख पाएर फर्के पनि वैदेशिक रोजगारमा तम्सिनुभएका सम्पूर्ण युवाहरूलाई के भन्न चाहन्छु भने सकिन्छ स्वदेशमै केही व्यवसाय गरेर आत्मनिर्भर बनौं, नसके वैदेशिक रोजगारसँग सम्बन्धित सरोकारवाला तथा निकायहरूसँग वैदेशिक रोजगारको बारेमा राम्रोसँग बुझेर मात्र विदेशको यात्रा थालनी गरौं भन्न चाहन्छु । त्यस्तै हाम्रो गाँउमा रहेको युवा सूचना केन्द्रमा पनि धेरै ज्ञानका कुराहरू लिन सकिन्छ । त्यहाँ वैदेशिक रोजगार सम्वन्धी धेरै उपयोगी पुस्तकहरू छन् । युवा सूचना केन्द्रमा गएर आफूलाई आवश्यक भएका ज्ञानगुनका कुराहरू लिनुहोस् भन्न चाहन्छु । अन्तमा आफूले विदेशमा भोगेका समस्याहरू शब्दमार्फत राख्न दिनुभएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार प्रकट गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

# विदेशमा पनि पैसा फल्ने बोट छैन

✍ कर्ण बहादुर चितौरे, गैंडाकोट-३, ढोडेनी, नवलपरासी

भौगोलिक बनोटको आधारमा नेपाल पहाडै पहाडले बनेको भू-भाग हो । जस मध्ये गैंडाकोट गा.वि.स.वार्ड नं.३ अन्य वडा भन्दा विकट गाउँमा पर्दछ । त्यसैले आफ्नो गाउँ ठाउँमा जीविकोपार्जन गर्न नसकेर केही आम्दानी हुन्छ कि भन्ने धारणाले साहु महाजनबाट चर्को ब्याजदरमा ऋण लिएर भएपनि आफ्नो गाउँ छोडेर विदेश जाने गरेका छन् । यसरी चर्को ब्याजदरमा ऋण लिएर प्रक्रिया नबुझ्री वैदेशिक रोजगारमा जाँदा धेरै युवाहरुले दु:ख पाई पुन:स्वदेशमा फर्कन बाध्य भएका छन् ।

त्यसैले वैदेशिक रोजगारमा जानु भन्दा अगाडि आफु जाने देशको भाषा, संस्कृति, रीतीरिवाज र आफुले गर्नुपर्ने काम र सो सम्बन्धी तालिम नलिई जाँदा ऋण माथी ऋणको भारले मान्छेलाई घर न घाटको बनाउने भएकाले सम्पूर्ण प्रक्रियाहरू पूरा गरेर मात्र जानुपर्दछ । यसरी सम्पूर्ण प्रक्रियाहरू पूरा नगरिकन वैदेशिक रोजगारमा गएमा त्यस्तो प्रक्रियालाई अवैधानिक मानिन्छ । अवैधानिक प्रक्रियाबाट वैदेशिक रोजगारमा गएमा नेपाल सरकारबाट पाउने सेवा सुविधाहरूबाट पनि बञ्चित हुनुपर्दछ ।

कोही कसैले वा दलालले ललाईफकाई गरी लोभहरू देखाएर वैदेशिक रोजगारमा लैजान खोजेमा नबुझ्रीकन जानु हुँदैन । यसरी वैदेशिक रोजगारमा गएमा दु:ख पाउन सकिन्छ । यदि तपाईहरू विदेश जाने सोचमा हुनुहुन्छ भने नेपाल सरकारबाट मान्यता प्राप्त म्यानपावरहरूको माध्यमबाट धेरै कुराहरूमा बिचार पुऱ्याएर मात्र जानुहोस् । यसरी सम्पूर्ण प्रक्रियाहरू पूरा नगरीकन वैदेशिक रोजगारमा गएका एक जना युवाको पीडाको बारेमा लेख्न गइरहेको छु । विदेशमा गए पछि धेरै नै आम्दानी गर्न सकिन्छ भन्ने सोचले गैंडाकोट गा.वि.स.वार्ड नं. ३, ढोडेनीका सोमबहादुर माप्छन (नाम परिवर्तन) दलालको लहैलहैमा लागेर दुई महिना अगाडि दुबई देशका लागि प्रस्थान गरे । विदेश जानुभन्दा अगाडी दलालले एयरपोर्टमा काम गर्ने हो अनि तपाईको तलब मासिक रियाल १४००।- देखी १५००।- सम्म हुन्छ भनेको थियो । तर त्यहाँ पुगेपछि भने जस्तो काम पनि पाएनन् । उनले एयरपोर्टमा गर्ने भनेको काम सिमेन्ट फैक्ट्रीमा गएर काम गर्न पऱ्यो त्यस्तै मासिक तलब ५००।- रियाल भन्दा बढी पनि नपाउने भए । त्यसपछि अब के गर्ने यही वसेर काम गर्नेकि फर्किने भनेर उनी दोधारमा परे । साहु महाजनबाट चर्को ब्याजदरमा ऋण लिएर विदेश आएको, फेरी फर्केर जाँदा ऋण कसरी तिर्ने जस्ता समस्याले गर्दा नफर्कने सोच गरी काम पनि सिक्न हुन्छ, कामको अनुभव बढ्दै गएपछि भविष्यमा तलब स्केल पनि बढ्ला भन्दै मनमा सोचेर उनी एयरपोर्टमा गर्ने भनेको काम छोडेर सिमेन्ट फैक्ट्रीमा भएपनि काम गर्ने सोच बनाएँ ।

उनले त्यहाँको काम सजिलै होला भनेर काम गर्न कस्सिए । तर उनको काम किन सजिलो हुन्थ्यो र भरखर तयारी गरिएको सिमेन्टलाई बोरामा राखेर बोक्नु पर्ने रहेछ । सिमेन्ट बोक्ने क्रममा त्यो तातो सिमेन्टको कारणले शरीर भरि फोका उठेर क्रमश: बाहिरी छालाका कत्लाहरू निस्कदै गएपछि काम गर्न नसकी दुई महिनाको वसाई पछि उनि त्यहाँबाट नेपाल फर्कन बाध्य भए । यति दु:ख गर्दा पनि उल्टै मालिकले समयमा पैसा नदिने, अर्कोतिर मासिक तलब ५००।- रियालले कति आम्दानी गर्ने । भविष्यमा पनि त्यस ठाउँमा बसी परिश्रम गरेर खासै उपलब्धि नहुने अवस्था देखेपछि उनी काम र तलबप्रति निराश हुँदै घर फर्केर आए । उनले अहिले अन्य साथीहरूलाई मैले जस्तो दुख पाउने गरी विदेश नजानुहोस् है भनेर भन्ने गर्दछन ।



स्वदेशमा पनि केही गर्न सकिन्छ । स्वदेशमा काम गर्न लाज मान्नु भएन, विदेशमा गर्ने जति परिश्रम यहाँ गर्ने हो भने त्यो भन्दा बढी यहीं कमाउन सकिन्छ । यदी तपाईहरू विदेश जाने नै निर्णय गर्नु भएको भए दलालको लहैलहैमा नलागी नेपाल सरकारले वैदेशिक रोजगारका लागि तोकेका मापदण्ड पूरा गरेका म्यानपावरहरूबाट मात्र सम्पूर्ण प्रक्रियाहरू पूरा गरेर जानु होला भन्न चाहन्छु । नभए मैले जस्तै विदेशमा गएर दु:ख पाउनु पर्छ । सर्वप्रथम वैदेशिक रोजगारका लागि चाहिने रकमले यही कुनै व्यवसाय गर्ने हो भने सफल उद्यमी बवन्न सकिन्छ । यसको बारेमा पनि चिसो दिमागले सोचेर निर्णय लिनु होला, विदेशमा पनि पैसा फल्ने बोट छैन । त्यहाँ पनि कठोर परिश्रम गर्नुपर्छ । रहरले विदेश जाँदै नजानुहोस । यदी करले हो भने बिचार गरेर मात्र पहल गर्नुहोस् भन्न चाहन्छु ।

यसरी सोम बहादुर माप्छन (नाम परिवर्तन) ले जस्तै भोगेको पीडा हामीहरूलाई नपरोस भन्नका लागि हामी सबै युवाहरू समयमै सचेत हुनु आवश्यक छ । अन्तमा ग्रामीण क्षेत्रका समस्याहरूलाई शब्दको रूपमा राख्न दिनु भएकोमा सहमति,ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार प्रकट गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

## समुदायमा ......

के के कागजपत्रहरू आवश्यक पर्छन् ? ति कागजपत्रहरू कहाँ लगेर पेश गर्ने ? लगायतका जानकारीहरू थाहा पाउँदा यस क्षेत्रबाट गएका युवाहरूको परिवारलाई धेरै नै फाइदा पुऱ्याउने देखिएको छ । यसरी सूचनामूलक जानकारीको पहुँचबाट टाढा भएका स्थानीय युवा तथा उनीहरूको परिवारलाई यस्ले धेरै नै मद्दत पुऱ्याउने निश्चित छ ।

यसरी सहमति,ग्रामीण युवा विकास कार्यक्रमले गरेको प्रशंसनीय कार्यलाई धन्यवाद दिँदै आगामी दिनहरूमा पनि निरन्तर रूपमा सहयोगको अपेक्षा गर्दछु । ❖❖❖

# यही नै सभ्य नागरिकको पहिचान हो

*✍ झुमिसरा मोग्मी, रतनपुर ५, बसेनी*

नवलपरासी जिल्ला स्थित विकट तथा पिछडिएको गा.वि.स.को रूपमा चिनिने रतनपुर गा.वि.स. पनि एक हो । यो गा.वि.स. पूर्व-पश्चिम राजमार्गदेखि नौ कि.मि.उत्तरमा अवस्थित छ । यहाँ शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात जस्ता पूर्वाधारहरूको राम्रोसँग विकास हुन सकेको छैन । विभिन्न असुविधाहरूले गर्दा यहाँका दक्ष जनशक्तिहरू शहरतिर तथा विदेश पलायन हुने प्रवृत्ति बढ्दै गइरहेको छ । यसरी गाउँमा रहेका युवाहरू विदेश पलायन भइरहँदा आफ्नो हातमा सीपको कमीले गर्दा उचित अनुसारको तलब नपाएर काम गर्न बाध्य छन् । त्यस्तै गन्तव्य मुलुकको भाषा, धर्म, संस्कृति, रीतीरिवाज, कानुनी नियमहरूको बारेमा जानकारी नहुँदा दुःख पाइरहेको अवस्था रहेको छ । कोही वैदेशिक रोजगारमा जानुपूर्व कानुनी प्रक्रियाहरू तथा के-के कुरामा ध्यान पुऱ्याउनु पर्दछ भन्ने कुराको जानकारी नहुँदा दलालबाट ठगिनु परेको अवस्था छ ।

गाउँका युवाहरूमा देखिएको यस्ता समस्याहरूलाई न्युनीकरण गर्न सहमति, ग्रामीण युवा विकास कार्यक्रम तथा महिलामिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा सूचना केन्द्रले अझ व्यापकता साथ वैदेशिक रोजगारमा जानुपूर्व तथा गन्तव्य मुलुकमा पुगेपछि गर्नुपर्ने प्रक्रियाका बारेमा व्यापक जोड दिदैं गएको छ । त्यस्तै ग्रामीण युवा विकास कार्यक्रमले सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरू, अभिमुखिकरण गोष्ठीहरू सञ्चालनबाट पासपोर्ट, नागरिकताको प्रमाणपत्र, जीवन विमा, भिजा प्रक्रिया, स्वास्थ्य परीक्षण, भरपर्दो रिकृटिङ्ग कम्पनी र एजेन्सी छनौट, गन्तव्य मुलुकको प्रष्ट जानकारी, श्रम स्वीकृति, विदेश स्थित राजदूतावासका नम्बरहरू लगायत सूचना सम्प्रेषणले सुरक्षित वैदेशिक रोजगारलाई धेरै सहयोग पुऱ्याएको छ । यस युवा सूचना केन्द्रमा दैनिक सरदर ३५-४० जना युवाहरू वैदेशिक रोजगार लगायत विविध सूचना सामग्रीहरू लिन आउने गर्दछन् ।

अहिलेसम्म करीव २०० जना युवाहरू वैदेशिक रोजगार सम्बन्धी जानकारी लिएर विदेश गएका छन् । अहिलेसम्म ४२७५ जना युवाहरूले विभिन्न विधाका पुस्तकहरू (कथा, कविता, गजल, गाउँखाने कथाहरू, निबन्ध तथा ज्ञानवर्द्धक पुस्तकहरू, वैदेशिक रोजगार सम्वन्धी सूचनामूलक सामग्रीहरू, विभिन्न पत्रपत्रिकाहरू, युवा मञ्च, अन्तर्राष्ट्रिय मञ्च, स्वास्थ्य सम्वन्धी जानकारीहरू, चेतनामा आधारित मनोरञ्जनमूलक, सीपमूलक, सूचनामूलक) सामग्रीहरू अध्ययन गरिसकेका छन् । वर्तमान समयमा वैदेशिक रोजगारमा जान तयारी भएका धेरै युवाहरू पनि वैदेशिक रोजगार सम्बन्धी सूचना लिनको लागि युवा सूचना केन्द्रमा आउने गरेका छन् । युवा सूचना केन्द्रमा दिन प्रतिदिन युवाहरूको संख्या बढ्दै गइरहेको छ ।

अन्तमा वैदेशिक रोजगार भन्दा स्वदेशमै रोजगारको विकल्प खोजौं । यदी जानैपर्ने भए वैदेशिक रोजगार सम्बन्धी सूचनाहरू राम्रोसँग बुझेर सही तरिकाले जाने सोंच गर्नुहोस् । त्यस्तै वैदेशिक रोजगारमा जाँदा विभिन्न रोगहरूबाट बचेर सुरक्षित तरिकाले धन कमाएर घर फर्कौं । कमाएको धनलाई सही ठाउँमा सदुपयोग गरौं । विलासिताका वस्तुहरूमा फजुल खर्च नगरौं, यही नै सभ्य नागरिकको पहिचान हो । ❖❖❖



# मैले जस्तै दुःख भोग्नु पर्दछ

*✍ लालबहादुर लुङ्गेली, डाँडाझेरी-३, कोटझेरी देउराली*

मेरो जन्म नवलपरासी जिल्लाका सबैभन्दा विकट डाँडाझेरी-३, कोटझेरीको देउराली गाँउमा सामान्य परिवारमा भएको हो । सबै मान्छेको रहर राम्रो लगाउने, खाने, बस्ने चाहना हुँदाहुँदै पनि घरायसी कमजोर आर्थिक स्थितिका कारणले गर्दा नेपालमा बसेर घरायसी आर्थिक स्थिति सुधार गर्न सकिने अवस्था नदेखेपछि विदेश जाने सोंच गरें । कमजोर आर्थिक स्थितिका कारण शिक्षाबाट वञ्चित भएकाले सरकारी तथा गैरसरकारी संस्थामा जागिर खाने अवसर नपाउनु स्वभाविकै थियो । धेरै पैसा कमाउछु भन्ने आशाले विदेश तिर लम्किएँ । तर सोचेको जस्तो कहाँ हुने रहेछ र त्यहाँ त पचास डिग्रीको तापक्रममा काम गर्दाको पीडा, समयमा तलब नदिने, तलब दिए पनि नेपाली भने पछि झन् थोरै तलब दिएर काममा लगाउने जस्ता अनेकौं समस्याहरू त्यहाँ भएका हजारौं नेपालीहरूले भोगिरहेका छन् । विदेशमा हुने यस्ता प्रवृत्तिका व्यवहारले हजारौं नेपालीहरूलाई पीडित बनाएको छ ।

विदेशीहरूको यस्तो व्यवहारले मलाई पनि त्यस देशमा बस्न मन लागेन । त्यसपछि म स्वदेशमा नै फर्के । अर्काको देशमा गएर काम गर्नुभन्दा आफ्नै गाउँमा बसेर कुनै व्यवसाय सञ्चालन गर्न मन लाग्यो । अनि मैले सानो व्यवसायको रूपमा कुखुरापालन गरें । उक्त व्यवसायले मेरो घर खर्च चलाउन धेरै नै मद्दत पुगेको छ । गाउँका मानिसहरूलाई पनि धेरैथोरै रूपमा भएपनि यस व्यवसायले सजिलो बनाएको छ । परिवारबाट पनि सहयोग मिलेको छ ।

आफ्नो व्यवसाय सञ्चालन गर्दा खेरी विदेशमा जस्तो अरूको भनाइहरू पनि सुन्न परेन । आफ्नो व्यवसायमा स्वतन्त्ररूपले काम गर्न पाइयो । त्यसैले मैले सम्पूर्ण युवाहरूलाई के भन्न चाहन्छु भने सकेसम्म विदेश नगए नै हुन्छ, जाने नै हो भने वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू लिएर तथा बुझेर मात्रै जाने प्रयास गर्नुहोला भन्न चाहन्छु । नत्रभने मैले जस्तै धेरै दुःख पीडाहरू भोग्नुपर्नेछ । अन्तमा वैदेशिक मामिलामा भोगेका तिता क्षणहरूलाई शब्द मार्फत प्रस्तुत गर्न दिनुभएकोमा सहमति ,ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार प्रकट गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु । ❖❖❖

# सुरक्षित रूपमा विदेश यात्रा हुन सक्छ

✍ चमेली राई, बुलिङ्टार-९, मुस्कान टोल, नवलपरासी



नवलपरासी जिल्लाको १७ वटा पहाडी गा.वि.स.मध्ये बुलिङ्टार गा.वि.स.पनि एक हो । यो गा.वि.स.दलदले बजारदेखि ४२ कि.मि. उत्तर तर्फको दूरीमा उपत्यकाको रूपमा अवस्थित छ । विकट पहाडी गा.वि.स.हरू मध्येको बुलिङ्टार गा.वि.स. विकासको पूर्वाधारमा केही अगाडि रहेको छ । यस क्षेत्रमा ब्राम्हण, क्षत्री, नेवार, मगर, कुमाल, र दलित जातिहरुको बसोबास रहेको छ । यहाँको मुख्य पेशा परम्परागत कृषि नै हो । समाजमा रहेको परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण, सहकारी तथा स्थानीय गैससहरूको संस्थागत विकास तथा व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारमा हुन सक्ने ठगी तथा जोखिम न्युनीकरण गर्न सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन् २०१४ जनवरीदेखि यस गा.वि.स.मा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । नेपालको आर्थिक मेरुदण्डको रूपमा कूल गार्हस्थ उत्पादनमा कृषिपछि वैदेशिक रोजगारले पनि महत्वपूर्ण स्थान ओगटेको कारणले गर्दा यसलाई व्यवस्थापन गर्नु आजको प्रमुख आवश्यकता हो । त्यसैले वैदेशिक रोजगारीलाई समय सापेक्ष र मर्यादित बनाउनका लागि ग्रामीण युवा विकास कार्यक्रमको आर्थिक सहयोग र सुनौलो वचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा युवा सूचना केन्द्र स्थापना भएको छ ।

युवा सूचना केन्द्रको माध्यमबाट स्थानीय युवाहरूले ज्ञानवर्द्धक पुस्तकहरू, पत्रपत्रिकाहरू अध्ययन गर्ने परिपाटीको विकास हुँदै गएको छ । विशेषगरी यस केन्द्रमा दैनिक रूपमा आउने पत्रपत्रिकाहरूले पनि यसको महत्त्व अझै बढाएको देखिन्छ । शुरूमा यहाँका युवाहरूलाई युवा सूचना केन्द्र भनेको के हो ? यस्ले के के कामहरू गर्छ ? भन्नेकुराको जानकारी थिएन । तर अहिले युवा सूचना केन्द्रमा विभिन्न प्रकारका सूचनामूलक सामग्रीहरू, लेख रचनाहरू, ज्ञानवर्द्धक पुस्तकहरूले गर्दा युवाहरूमा उल्लेखनीय प्रभाव पर्दै गएको छ । वास्तवमा युवा जनशक्ति भनेको देश परिवर्तनका हस्तिहरु हुन । किनकि युवाहरूको आँट, जोश र प्रयत्नले गर्दा नै देशमा लोकतन्त्र आएको छ । तर युवाहरू स्वयमले समयमा नै उचित किसिमको बाटो नरोज्दा दु:ख पाएको स्थिति पनि रहेको छ । त्यसैले उनीहरूलाई समयमै चेतना जगाएर दिगो आयस्रोतमा सहयोग गर्न जरूरी देखिन्छ ।

हुनत युवा सूचना केन्द्र वाट वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरू बारे जानकारी, कालोसूचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदूतावासका विभिन्न नम्वरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू आदिबारे जानकारीहरू प्राप्त गरेका छन् । त्यस्तै विदेश जानको लागि सोंच गरिरहेका युवाहरू पनि युवा सूचना केन्द्रमा आएर कुन कुन प्रक्रिया अपनाइयो भने सुरक्षित साथ विदेश यात्रा हुन सक्छ भन्ने बारे जानकारी लिएर जाने क्रम पनि बढ्दै गइरहेको छ ।

त्यस्तै युवा सूचना केन्द्रमा रहेका कृषि सम्बन्धी पुस्तकहरू, जैविक खेती प्रविधिवाट कृषि उत्पादन, रसायनिक विषादीको प्रयोगले वातावरणमा पार्ने प्रभावहरू, उन्नत नश्लका बङ्गुर तथा बाख्रापालन व्यवसाय जस्ता पुस्तकहरूको अध्ययनमा युवाहरूको चासो पनि देखिएको छ । फलस्वरूप ग्रामीण क्षेत्रमा रहेको परम्परागत शैलीको कृषिलाई नयाँ तरिकाबाट प्रवर्द्धन गर्दै कृषि उत्पादकत्व वढाउन सकिने सम्भावना पनि बढ्दै गएको छ । अहिले युवा सूचना केन्द्र युवाहरूको विसाउने चौतारोको रूपमा विकास हुँदै गएको छ ।

शुरू शुरूमा भएर पनि होला युवा सूचना केन्द्रको प्रचारप्रसारमा कमी तथा भौगोलिक स्थितिका कारणले गर्दा सोचे जति युवाहरू यस केन्द्रमा आउन सकेका छैनन् । अझ यसलाई व्यापक प्रचारप्रसार गरेर युवाहरूको माझमा लैजानु पर्ने अवस्था देखिएको छ । अन्तमा युवा सूचना केन्द्रको व्यापक प्रचारप्रसारमा जोड दिँदै युवाहरूको क्षमता वढाउने खालका विभिन्न किसिमका स्वरोजगार सम्वन्धी तालिमहरू, आयमूलक, चेतनामा आधारित सूचनामूलक सामग्रीहरू, वैदेशिक रोजगार सम्बन्धी मासिक पत्रपत्रिकाहरू, युवाहरूको सहभागिता तथा आत्म मनोबल बढाउन सहयोग र साथको भरपुर आशा र थप सहयोगको अपेक्षा राख्दै कार्यक्रमले गरेको सहयोगप्रति हार्दिक धन्यवाद दिदैं उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

## मेहनत ......

छरछिमेकसँग पनि नजिक भएको छु । आफ्नो परिवारसँग बसेको छु । अहिले म व्यवसाय सञ्चालनबाट पनि ढुक्क छु । साथीहरु हो, विदेश गएर धेरै कमाउँछु भन्ने नसोच्नु , विदेश गएर पनि रुखको पात टिपे जस्तो गरी टिप्न पाईदैन । त्यहाँ त नेपालमा भन्दा बढी मेहनत र परिश्रम गर्नुपर्दछ ।

युवा भनेको त्यस्तो शक्ति हो, जुन शक्तिले देश समाज परिवर्तन गर्न सक्छ । असम्भव भन्ने कुरा कहीं पनि छैन । ईश्वरले तैंले आँट म पुर्‍याउछु भन्छन रे, आँट गरेपछि असम्भव भन्ने कुरा पनि सम्भव हुन्छ । त्यसो हुँदा युवाहरूलाई के भन्न चाहान्छु भने विदेशमा गएर दु:ख परिश्रम र मेहनत गर्न भन्दा स्वदेशमा नै मैले जस्तो गरी कुनै पनि व्यवसाय सञ्चालन गरेर आय बढाउने खालका क्रियाकलापहरू गर्नका लागि आग्रह गर्न चाहान्छु । ❖❖❖

# सारथी

✍ प्रिती परियार, वुलिङ्टार गा.वि.स. ४, नवलपरासी



बुलिडटार गा.वि.स. नवलपरासी जिल्लाका पहाडी गा.वि.स.हरू मध्येको एउटा गा.वि.स. पर्दछ । यस गा.वि.स.मा ब्राम्हण, क्षेत्री, नेवार, मगर आदि लगायतका जातिहरुको बसोबास रहेको छ । यिनीहरुको मूख्य पेशा भनेको परम्परागत खेती नै हो । यस क्षेत्रमा कृषिको आधुनिक प्रविधिको विकास नभएका कारण कृषिमा आधुनिकीकरण तथा व्यावसयीकरण हुन सकिरहेको छैन । जसले गर्दा मानिसहरू उक्त पेशाको विकल्प खोजिरहेको अवस्था छ । ग्रामीण क्षेत्रका युवा जनशक्ति वर्तमान समयमा वैदेशिक रोजगारप्रति आकर्षित हुँदै जाँदा कृषि पेशाको अवस्था दिनानुदिन घट्दै गइरहेको छ फलस्वरूप ग्रामीण क्षेत्रको विकास ओझेलमा पर्दै गएको छ । त्यस्तै विदेशमा जानेहरुको अवस्था पनि कसैको राम्रो अवस्था देखिन्छ भने कसैको दयनीय रहेको छ । यसरी विदेश जाँदा गर्नुपर्ने प्रक्रियाहरू नअपनाएर समुदायका धेरै युवाहरू बिचल्लीमा परेका छन् । यसरी वैदेशिक रोजगारमा जाँदा हुन सक्ने ठगी तथा जोखिम न्युनिकरण गर्न सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन् २०१४ जनवरीदेखि यस गा.वि.स.मा सुनौलो बचत तथा ऋण सहकारीको व्यवस्थापनमा युवा सूचना केन्द्र स्थापना गरेको छ ।

मेरो नाम प्रिती परियार हो । मेरो माईती घर अर्खला गा.वि.स. वार्ड नं. ४ मा पर्छ । म बुलिङ्टार गा.वि.स.मा सबिन परियारसँग अन्तरजातीय विवाह गरेको छु । मेरो श्रीमान् हाल मलेशियामा सेक्युरिटी गार्डमा काम गर्नु हुन्छ । उहाँ वैदेशिक रोजगारमा जाँदा त्यही युवा सूचना केन्द्रमा गएर नागरिकता र पासपोर्ट बनाउने, स्वीकृत प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउने, अभिमुखीकरण तालिम, वैदेशिक रोजगार कल्याणकारी कोष, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको प्रयोग, यदी भारतको बाटो प्रयोग गर्नुपर्ने भएमा वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिएर मात्र जानुपर्ने, दलालहरूको मात्र भर नपरी विश्वासिलो मेन पावर कम्पनीवाट जानुपर्ने, व्यक्तिगत भिषा, भिजिट भिषामा जान नहुने, करार अवधि भरको बिमा गर्नु पर्ने, श्रम स्वीकृति पत्र लिएर जानुपर्ने, रकम वुझाएपछि अनिवार्यरुपमा रसिद लिनुपर्ने जस्ता कुराहरू बुझेर जानुभयो ।

वास्तवमा उहाँले वैदेशिक रोजगारमा जाँदा यति धेरै ज्ञान लिनु पर्ने र हाम्रा नेपालीहरू कति ठगिंदा रहेछन् भन्ने कुरा पुस्तक अध्ययनबाट बुझ्ने मौका पाउनु भयो । मलाई लाग्छ , युवा सूचना केन्द्र स्थापनाबाट वैदेशिक रोजगारमा जाने युवाहरूको लागि सूचना प्रदान गर्ने सारथी वनेको छ । यसरी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरूलाई विदेश जानु भन्दा अगाडि सबैकुरा बुझेर जान अनुरोध गर्दछु । किनकि उहाँलाई अहिले विदेशमा अप्ठ्यारो महशुस भएको छैन ।

अन्तमा वैदेशिक रोजगारमा जाने युवाहरू एकचोटी युवा सूचना केन्द्रमा आएर राम्रोसँग बुझेर मात्र जान अनुरोध गर्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमले संस्था प्रवर्द्धनमा निरन्तरता प्रदान गरोस् भन्दै शुभकामना व्यक्त गर्न चाहान्छु । ❖❖❖

# गजल

✍ शम्भु प्रसाद तिवारी
गैंडाकोट-३, ढोडेनी, नवलपरासी



मख्ख छ सरकार यहाँ, रेमिट्यान्सको रास देखी
झस्किएछन् जहानहरु, सुनसानको त्रास देखी

दौडाइ यो जिन्दगीको, कहाँ शुरु कहाँ अन्त
दङ्ग छु म यहाँ अचेल, एकै जहान चार वास देखी

भौंतारिई जिन्दगी भर, विदेशमा
गयौ किन भन साथी, विदेशमा खास देखी

आँसु ढिका वगाउछिन्, घरमा तिम्री बुढी आमा
सुस्ताउँछिन् घरीघरी, संस्कारको नाश देखी

कसको मन नरोला र, तिम्रो दुःख दर्द देख्ता
बाकस भित्र बन्द त्यो, एकोहोरो लास देखी

❖❖❖

# युवा सूचना केन्द्र

विज्ञान पुरी
कक्षा -८, श्री त्रिभुवन उच्च मा.वि.
वुलिङ्टार, नवलपरासी



वुलिङ्टारमा युवा सूचना केन्द्र आयो
घरघरमा नयाँ सन्देश फैलायो ।।

ज्ञान विज्ञानको कुरा सिकायो
अज्ञानताको जालो हटायो ।।

सूचना केन्द्रमा जान्छौ रमाई रमाई
पढ्छौ पुस्तक हातमा लिई समाई ।।

कथा,कविता र नाटकहरु
पाईन्छन् पढ्न पुस्तक अरु ।।

युवाहरुलाई सूचना दिने
नबुझ्केकालाई ज्ञान दिने ।।

आउ साथी किताव पढौं
धेरै कुरा जानी अगाडी बढौं ।। ❖❖❖

# वैदेशिक रोजगार र युवा

✍ झविन्द्र गरञ्जा मगर
संस्थागत विकास सहजकर्ता, ग्रामीण युवा विकास कार्यक्रम

युवा भनेको देशको विकासका लागि परिवर्तनको संवाहक मानिन्छ । यो युवा शक्ति विभिन्न आफ्नो आवश्यकता पूरा गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी तहमा रोजगारीका लागि प्रयास गर्दा गर्दै पनि केहीले रोजगार पाएका छन् भने धेरै युवाहरू बेरोजगार भएर बस्नुपर्ने वाध्यता छ । त्यस सँगसँगै हरेक मानिसको जन्मने वित्तिकै सम्पूर्ण विकास भएको हुँदैन । उसको शारीरिक, मानशिक, वौद्धिक विकास सँगसँगै मीठो खाने, राम्रो लगाउने र मनोरञ्जन गर्ने जस्ता विभिन्न आवश्यकताहरू सृजना हुँदै जान्छन् । जब ती आधारभूत आवश्यकता पूरा गर्ने माध्यम नेपालमा नभएपछि अन्तत वैदेशिक रोजगारमा जान बाध्य छन् ।

आ.व.२०७०/२०७१ को वैदेशिक रोजगारको तथ्याङ्कलाई हेर्ने हो भने दैनिक १२०० देखि १५०० जनाको हाराहारीमा युवाहरू विदेशको यात्राको लागि गन्तव्य स्थान बनाइरहेका छन् । तिनै युवाहरूको समस्याहरूलाई मध्य नजर गर्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमले आफ्नो छ वटा गा.वि.स.मा युवा सूचना केन्द्रहरू मार्फत ग्रामीण क्षेत्रका युवाहरूलाई विभिन्न कृषि तथा गैर कृषि तालिममा सहभागी गराई स्वरोजगार बनाउने अभियानमा सहयोग गरिरहेको छ । वैदेशिक रोजगारमा जाने युवाहरूको लागि पनि सुरक्षित आप्रवासन सम्बन्धी जस्तै शारिरिक र मानसिक रूपमा तयारी,आर्थिक तयारी, घरपरिवारको व्यवस्थापन, आम्दानी–खर्चको लेखाजोखा, पासपोर्ट तयारी, नेपाल सरकारबाट सुचिकृत गरिएका देशहरू र सम्वन्धित देशमा जाँदा लाग्ने लागत रकमहरू, कालो सूचीमा परेका म्यानपावरहरू, श्रम स्वीकृति पत्र, करारनामा, जीवन विमा, मेडिकल रिपोर्ट, अभिमुखीकरण तालिम, कल्याणकारी कोष, रसिद वा भरपाई, कागज पत्रको सुरक्षा तथा प्रतिलिपिको व्यवस्था, मृतक कामदारका हकदारले र अङ्गभङ्ग भएका कामदारले पाउने आर्थिक सहायता, काफला प्रणाली बारे जान्नैपर्ने कुराहरू, गन्तव्य मुलुक पुगेपछि ध्यान दिनुपर्ने कुराहरू, वैदेशिक रोजगारमा जानको लागि अनिवार्य गरिएका व्यवस्थाहरू, प्रविधिक सीप सीकेर जाने, काठमाण्डौको त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थल मात्र प्रयोग गर्ने भारत विमान स्थल प्रयोग गर्दा ठगी र समस्यामा पर्ने कुराहरूको बारेमा बुझ्ने, सम्बन्धित देशको राजदूतावास तथा अन्य सहयोगी निकायका ठेगाना र सम्पर्क नम्बर जस्ता जानकारीहरू दिदैं आइरहेको छ ।

त्यसैले तपाई पनि विदेश जाने सोचमा हुनुहुन्छ भने तपाईंको पनि सपना भनेको मैले धेरै कमाउन पाए हुन्थ्यो भन्ने हुन्छ । तर विदेशमा पनि पैसा फल्ने विरुवा छैन । विदेशको नाम लिने वित्तिकै तपाई लगायत घरपरिवार इष्टमित्रहरूको धेरै अपेक्षा रहेको हुन्छ । तर सोचे जस्तो भएन भने सबैलाई अप्ठ्यारो पर्छ । त्यसैले समयमै बिचार पुऱ्याएर काम गऱ्यौं भने भविष्यमा आईपर्ने दुर्दशाबाट मुक्ति मिल्न सक्छ । विदेश जाने तयारी गर्दा माथि उल्लेखित प्रक्रिया पुऱ्याएर जानु भयो भने तपाई जोखिमबाट बच्न सक्नुहुन्छ ।

❖❖❖

# नेपाली युवा विदेश नजाऊ

✍ जानकी पुलामी मगर
कोषाध्यक्ष, सिर्जनशील सामुदायिक विकास मञ्च
रतनपुर–३, भत्तेरी



धान फल्ने आशा मात्र, गर्ने तिमि युवा ।।
रोजगारका लागि विदेशतिर, लम्कने आफैं युवा ।।

धौ धौ र लहैलहैमा, अरुको पछि धाउँछौं ।।
केही पनि नबुझीकन, विदेश गई दुःख पाउँछौं ।।

आफ्नै देशमा दुःख गरे, फल्छ खेतमा धान ।।
देशको लागि दुःख गरे, पाउँछौ तिमिले सम्मान ।।

खेतबारी बाँझो राखी, कसरी हुन्छ प्रशस्त अन्न ।।
ऋण र दुःखले विदेश गई, कसरी सक्छौ घर धान्न ।।

पैसा र सम्पत्तिको आशा बोकी, लिएर जान्छौ सपना ।।
आफ्नो सपना पूरा नहुदै, हुन्छ फेरी बिहान ।।

विचरा ! नेपाली युवाहरु गर्छन् खेतमा, धान फल्ने आशा ।।
त्यही सपना बोकी विदेश यात्रा पूरा नहुँदै, हुन्छन् आफै निराश ।।

त्यसैले नेपाली युवा नजाऊ, आफ्नो देशलाई छोडेर ।।
समाजको लागी केही गरी, छोडौं हामी अमर बनेर ।।

❖❖❖

## राजदुतावास र श्रम सहचारीको विवरण

| राजदूतावासको नाम र ठेगाना | श्रम सहचारीको नाम र सम्पर्क नं. |
|---|---|
| Nepalese Embassy in Kuala Lumpur,Malaysia<br>Embassy of Nepal in Kuala Lumpur Suite 13A.01, 13th A Floor Wisma MCA,163 Jalan Ampang 50540<br>City: Kuala Lumpur<br>Phone: 603-2164 9653/603-2164 5934<br>Fax: 603-2164 8659<br>Email: info@nepalembassy.com.my | **अमल किरण ढकाल**<br>Cell: 01-46465840<br>Res: 603-79540515<br>dhakalamal@yahoo.com |
| Nepalese Embassy in Doha, Qatar<br>Villa No13, Street No. 810,<br>42, Ibne Bajah, City: Doha<br>Phone: +00974-467-5681, +00974-467-5683<br>Fax: +00974-467-5680<br>Website: http.//www.rnedoha.org.qa/<br>E-mail: rnedoha@quatar.net.qa | **इन्द्रदेव पाण्डे**<br>pandey_indradev@yahoo.com |
| Nepalese Embassy in Riyadh, Saudi Arabia<br>Embassy of Nepal in Riyadh, Saudi Arabia<br>Khazan Street, Al Morabbah(Near Price Mussaed Place)<br>City: Riyadh Phone: 00966-1-402-4758, 00966-1-403- 9482<br>Fax: 00966-1-464-0690<br>Website: http.//www.rneska.org<br>E-mail: neksa@zajil.net | **कृष्ण प्रसाद दवाडी**<br>krishnadawadee20@yahoo.com |
| UAE<br>Embassy of Nepal<br>Hareb Mohamed Hareb Al Otaiba Building No. 1670<br>Flat No.:102 Corniche Area, Airport Road Abu Dubahi<br>Tel:6344-385, 6344-767<br>Fax:00971-2-6344469 | **हिरा पौडेल**<br>hirapaudel@hotmail.com |
| Kuwait<br>Embassy of Nepal<br>Villa No.:184, Street No.804<br>Block No. 8,Al Zahra Area<br>South Surra, Kuwait<br>Tel:00965 25243257, 25243250<br>Fax:00965 25243250<br>E-mail: Kuwait@mofa.gov.np | **सृजना तिवारी**<br>srijana127@yahoo.com |
| Nepalese Embassy in Tel Aviv, Israel<br>Embassy of Nepal in Tel Aviv, Israel 1 Habarzel, 3rd Floor Tel Aviv, 69710<br>City: Tel Aviv<br>Phone: 00972-3-6488101/00972-3-36476569<br>Fax: 00972-3-6476569<br>Email: ilan.nir@portofinoinv.co.il | |

## वैदेशिक रोजगारमा जाने कामदारको अधिकतम लागत सम्बन्धी सूचना

वैदेशिक रोजगारमा जाँदा इजाजत प्राप्त संस्थाबाट नेपाल सरकारले विभिन्न मुलुकका लागि तिर्नुपर्ने अधिकतम लागत खर्च निम्नानुसार तोकिदिएको हुँदा त्यो भन्दा बढी रकम माग गरेमा वा तोकिए बमोजिमको रकम लिएर पनि समयमा रोजगारमा नपठाएको अवस्थामा वैदेशिक रोजगार ऐन बमोजिम कारवाही हुने गर्दछ । त्यसैले तपाईले तोकिएको भन्दा बढी रकम नदिन अनुरोध गरिन्छ ।

### नेपाल सरकारले छुट्याएको विभिन्न मुलुकका लागि तिर्नुपर्ने अधिकतम लागत खर्च विवरण

| क्र.सं. | मुलुकको नाम | कामदारले तिर्नपर्ने अधिकतम लागत खर्च |
|---|---|---|
| १. | पोर्चुगल | ६५,०००।- |
| २. | मलेशिया | ८०,०००।- |
| ३. | खाडी मुलुकहरु | ७०,०००।- (कतारमा फ्रि भिषा, फ्रि टिकटमा रु. ३०,०००।-) |
| ४. | लिविया | ९०,०००।- |
| ५. | मौरीसस | १५,५००।- |
| ६. | अल्जेरीया | दक्ष कामदारको १,१८,०००।- र Staff & Indirect का लागि १,२३,०००।- |
| ७. | ईजरायल | कृषि क्षेत्रका लागि हवाई टिकट बाहेक US$ ५१५ र केयर गिभर लागि रु. ७५,०००।- |
| ८. | जापान | ५०,०००।- |
| ९. | कोरीया | US$ ९७०।२० |
| १०. | रसिया | ८०,०००।- |
| ११. | पोल्याण्ड | ८०,०००।- |

## वैदेशिक रोजगारीका लागि खुल्ला गरिएका १०८ वटा मुलुकहरू

| | | | |
|---|---|---|---|
| कतार | जापान | वेलारुस | सिसेलिज |
| साउदी अरेविया | वुल्गेरी | पाकिस्तान | मंगोलिया |
| कुवेत | फिजी | मोल्दोमा | पेरु |
| क्याम्बोडिया | श्रीलङ्का | नेदरल्याण्ड | हंगेरी |
| वहराईन | जाम्बिया | केन्या | ब्राजिल |
| ओमान | रोमानिया | गणतन्त्र चेक | मेसोडोनिया |
| ट्युनिसिया | इजिप्ट | लाओस | चिली |
| सिंगापुर | अल्जेरीया | मेक्सिको | पोर्चुगल |
| वृनाई | मोजाम्विक | लिविया | क्रोसिया |
| दक्षिण कोरिया | जर्मनी | भियतनाम | अर्जेन्टिना |
| साईप्रस | स्पेन | स्वीडेन | कोष्टारिका |
| मलेशिया | निकरागुवा | लक्जेम्वर्ग | आयरल्याण्ड |
| कोसोभो | अष्ट्रिया | गुयाना | टर्की |
| लात्भिया | वंगलादेश | थाईल्याण्ड | मौरिसस |
| माल्दिभ्स | भेनेजुएला | नाईजेरिया | अजरवैजान |
| संयुक्त राज्य अमेरीका | संयुक्त अधिराज्य (यु.के.) | वोस्निया हर्ज गोविना | लेवनान |
| ईटाली | अल्वानीया | ईण्डोनेशिया | स्लोभेनिया |
| मकाउ | कोलम्विया | तान्जानिया | इरान |
| दक्षिण अफ्रिका | स्वीजरल्याण्ड | युक्रेन | माल्टा |
| इजरायल | नर्वे | फिलिपिन्स | चीन |
| अफगानिस्तान | वोलिभिया | मोरक्को | क्यानडा |
| साईपन | पोल्याण्ड | अरमेनिया | पानामा |
| जोर्डन | फिनल्याण्ड | अष्ट्रेलिया | रुस |
| न्युजिल्याण्ड | इष्टोनिया | क्युवा | डेनमार्क |
| वेल्जियम | ग्रिस | काजकिस्तान | आइसल्याण्ड |
| होलीसी | फ्रान्स | म्यानमार | युगान्डा |
| युनाइटेड अरव इमिरेट्स | हङ्कङ्ग (हाल रोक लगाईको) | इराक -हाल रोक लगाईको) | गणतन्त्र स्लोभाक |

प्रेषक

सहमति

ग्रामीण युवा विकास कार्यक्रम

गैंडाकोट,-५ नवलपरासी

फोन नं. : ०५६-५०२०९०

E-mail: sahamati@wlink.com.np

rdp@sahamati.org

Website : www.sahamati.org

प्रापक

टिकट